## जिल्ला विकास समितिको कार्यालय, दैलेख

१२६. **भवन निर्माण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५६(४) अनुसार एउटै कामलाई टुक्रा टुक्रा गरी दिन नहुने र टुक्रा टुक्रा गरी लागत अनुमान तयार गर्नुपर्ने भएमा सोको प्राविधिक पुष्ट्याई र अन्य कारण समेत उल्लेख गरी जिल्ला विकास समितिबाट स्वीकृति लिनुपर्नेमा त्यसप्रकारको कानुनी प्रक्रिया बेगर लागत अनुमान समेत संशोधन नगरी कार्यालयले भवन निर्माण गर्न २०६१ पौषमा रु.३८ लाख ३ हजारको लागत अनुमान स्वीकृत गरेकोमा वायरिङ, खानेपानी ट्याङ्की, सेप्टी ट्याङ्की, ग्रिल लगायतका कामलाई टुक्रा टुक्रा गरी रु.४३ लाख ५ हजार भुक्तानी गरेको छ ।

१२७. **लेखापरीक्षक नियुक्ति** – कार्यालयले ५५ गाउं विकास समितिको लेखापरीक्षण गर्न ७ दिनको मात्र म्याद दिई सूचना निकालेकोमा परेका १० आवेदनमध्ये २ लेखापरीक्षक नियुक्ति गरी काम गराएको छ । छनौट भएका २ लेखापरीक्षकले ३३ गाउं विकास समितिको एक महिना र २२ गाउं विकास समितिको ७ दिन अवधिमा लेखापरीक्षण गरी प्रतिवेदन तयार गरेको छ । लेखापरीक्षकको उपलब्धतालाई ध्यान नदिई छोटो अवधिमा लेखापरीक्षण सम्पन्न गरेकोले लेखापरीक्षणले निष्पक्षता र स्वतन्त्रता बहन गरेको पाइएन ।